# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा सैनामैना उद्योग बाणिज्य संघको कार्यक्रम समुद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले २०७४ कात्तिक २९ गते रुपन्देहीको सैनामैना उद्योग वाणिज्य संघद्वारा आयोजित दोस्रो राष्ट्रिय कृषि, पर्यटन र औद्योगिक व्यापार महोत्सवको समुद्घाटन गर्नु भयो ।



उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुदै गभर्नर डा. नेपालले देश संघीय संरचनामा गइसकेको अवस्थामा आर्थिक क्षेत्रको विकास गर्न स्थानीय निकायको भूमिका महत्वपूर्ण हुने बताउनु भयो । स्थानीय क्षेत्रमा रहेका स्रोत र साधनको समुचित उपयोग गर्दै उत्पादन बढाउने र स्थानीय जनताहरुलाई आत्मनिर्भर बनाउने उद्देश्यले संविधानमा संघीय संरचना लागु गरिएको बताउनु भयो । यस उद्योग बाणिज्य संघले स्थानीय बस्तुहरुको व्यापार व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्ने धारणा राख्नु हुँदै गभर्नर डा. नेपालले त्यसबाट स्थानीयस्तरमा रोजगारी सिर्जना हुनुको साथै आफैमा आत्मनिर्भर हुन सक्ने बताउनु भयो । यस क्षेत्रमा उत्पादित वस्तुहरु नजिकका स्थानीय बजारहरुमा बिक्री बितरण गर्न सकेमा यस क्षेत्रको आर्थिक विकास भई देश समृद्ध हुने बताउनु भयो । अहिले पनि नेपालमा कृषिजन्य वस्तुहरुको आयातको परिमाण अत्यन्त उच्च रहेको बताउनु हुँदै गभर्नर डा. नेपालले कृषिजन्य वस्तुहरुको उत्पादनमा जोड दिई आयात कम गर्नु पर्ने बताउनु भयो । नेपाल राष्ट्र बैंकले पनि कृषि क्षेत्रको विकासको लागि सहुलियत दरमा कृषिमा पुनरकर्जा सुविधा उपलब्ध गराउने नीतिगत व्यवस्था गरेको बताउनु हुँदै गभर्नर डा. नेपालले यसबाट सबै कृषकहरुलाई सुलभ दरमा बैंकबाट ऋण लिई कृषि व्यवसाय गर्न आग्रह गर्नु भयो । त्यसै गरी, गभर्नर डा. नेपालले देशको ठूलो मात्रामा काम गर्ने युवा जनशक्ति विदेश पलायन भइरहेको चर्चा गर्नु हुँदै त्यस्तो युवा जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न रोजगारीको सिर्जना गरेर आफ्नै देशमा काम गर्न सक्ने वातावरण बनाउनु पर्ने आवश्यक रहेको बताउनु भयो । यस सैनामैना नगरपालिका भर्खरै मात्र स्थापना भएको हुँदा सडक, उद्योग, कलकारखाना, विद्युत, खानेपानी जस्ता आर्थिक पूर्वाधार निर्माण गर्दा योजना बनाएर व्यवस्थित रुपमा कार्य गरेमा यस क्षेत्रको विकासले फड्को मार्ने बताउनु भयो ।

अन्त्यमा, गभर्नर डा. नेपालले यस औद्योगिक व्यापार मेलाको सफलताको कामना समेत गर्नुभयो ।

२०७४ कात्तिक २९, बुधवार

गभर्नरको कार्यालय